नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन विभाग

www.tourismdepartment.gov.np
Email:info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं ।


## इजाजत बिना साहसिक पर्यटकीय खेल सञ्चालन भएको सूचना दिनुहुन

पर्यटन ऐन, २०३५को दफा ४५ क. एवं पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका,२०७० को दफा ९.३ बमोजिम साहसिक तथा मनोरञ्जनात्मक खेल सञ्चालन गर्ने संस्था/कम्पनीले यस विभागबाट इजाजत लिनुपर्ने व्यवस्था रहेकोमा कतिपय स्थानमा इजाजत नलिई यस्ता गतिविधि सञ्चालन भएको भन्ने सूचना/गुनासो प्राप्त भएकोमा इजाजत नलिई साहसिक तथा मनोरञ्जनात्मक खेल सञ्चालन नगर्ने सम्बन्धी सूचना यस विभागबाट मिति २०८३/०१/२१मा प्रकाशन भएको छ।

साहसिक तथा मनोरञ्जनात्मक खेलहरू (बञ्जी जम्पिङ, स्विङ, क्यानोनिङ, जिप लाईन, जेट स्की, मोटरबोट लगायत) सञ्चालन गर्दा सुरक्षा मापदण्डको विश्लेषण नै नगरी आफुखुसी खेल गतिविधि सञ्चालन गर्दा सुरक्षा जोखिम उच्च हुने र उक्त कार्य कानून विपरित हुने भएकोले त्यस्ता गतिविधिहरु कतै भए गरेको सूचना जानकारी वा प्रमाण भएमा खेल गतिविधि, सञ्चालन भएको स्थान र सम्भव भएसम्म सञ्चालन गर्ने संस्था/कम्पनी सहित सञ्चालक/लगानीकर्ताको नाम नामेसि र ठेगाना, फोन नं. सहितको विवरण जो सुकैले यस विभागमा सूचना, जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**सूचना दिनको लागि सम्पर्क ठेगाना:**

पर्यटन विभाग, भृकुटी मण्डप,काठमाण्डौं।
फोन नः ९७७-१-५३४७०३७
ईमेलः info@tourismdepartment.gov.np
उजुरी/गुनासो गर्ने QR कोड

(www.tourismdepartment.gov.np)

हिमाल गौतम
निर्देशक/ सूचना अधिकारी

मिति: २०८३/०२/५
ने.सं. ११४६